वैठक संख्याः- ७२ बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- १

विषयः– स्थानीय तहको संस्थागत क्षमता स्व:मूल्यांकन र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनको प्रारम्भिक अंक सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार प्रत्येक आ.व. को कार्यसम्पादन मूल्याङ्कन पौष मसान्त भित्र गरि सक्नुपर्ने व्यवस्था छ। सबै शाखाका कर्मचारीहरूले आवश्यक आधार प्रमाण संकलन गरी पद्धतिमा प्रविष्टि गर्ने कार्य सकिएको छ। प्रविष्टीबाट प्राप्त हुन आएको यस नगरपालिकाको प्रारम्भिक अंक कार्यविधिअनुसार जिल्ला समन्वय समितिसमक्ष पृष्ठपोषणका लागि पेश गर्नुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

पौष १५ भित्र प्रारम्भिक अंक पृष्ठपोषणका लागि जि.स.स. समक्ष पठाई सक्नुपर्ने भएतापनि कारणवश समयमा पेश गर्न सकिएन। हालसम्मको प्रारम्भिक नतिजामा पुनरावलोकन गर्ने कुनै प्रामाणिक आधार (Means of Verifications) जुटाउन सक्ने भएमा सो समेत गर्न सकिने हुन्छ। यद्धपि छलफल र संवादबाट यसमा थप गर्न सकिने संभावना न्युन देखिएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ का भएको व्यवस्थाअनुसार प्राप्त अंकलाई कार्यपालिका बैठकले अनुमोदन गर्नुपर्ने व्यवस्था भएकोले। सबै शाखालाई यस पद्धतिको यूजरनेम र पासवर्ड समेत सृजना गरी प्रदान गर्ने र शाखागत रुपमै विवरण प्रविष्टि गर्ने व्यवस्था मिलाउँदा अझ राम्रो हुने। यसमा नियमित रूपमा कार्य गर्ने र सूचकहरूले निर्देशित गरेका तर हुन नसकेका काममा समेत सबैले तयारी गर्नु जरूरी छ

४. निर्णय हुनुपर्ने व्यहोराः

क) आ.व. २०७८/०७९ मा गरेको कार्यसम्पादनको आधार प्रमाण संकलन गरी पद्धतिमा प्रविष्टी गरे पछि कायम हुन आएको यस नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रारम्भिक अंक ९१.७५ र वित्तीय स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनको प्रारम्भिक अंक ९१.५० पृष्ठपोषणका लागी जिल्ला समन्वय समिति, पाँचथरसमक्ष पेश गर्ने निर्णय भयो।

वैठक संख्या:- ७२

बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- २

विषयः– १२ औं फिदिम नगर सभाको आह्वान सम्बन्धमा ।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

नेपालको संविधानको भाग १८ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ बमोजिम गठित र सञ्चालन गर्नुपर्ने फिदिम नगरसभाको १२ औं हिउँदे सभाको बैठक राख्नुपर्ने भएको छ । यसको लागि उपयुक्त मिति निर्धारण गरी सभाका सदस्यहरूलाई जानकारी गराउने र सहभागीता गराउने व्यवस्था मिलाउनुपर्ने हुन्छ । सभाको कार्यसूची तय गरी जानकारी दिनुपर्ने हुन्छ । यि सबै कार्य गर्न कार्यान्वयन समिति गठन गरी जिम्मेवारी दिन उपयुक्त हुन्छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

हिउँदे सभा सम्पन्न गर्न उपसिमिति गठन कामको बाँटफाँट र कार्यसम्पादन गर्ने । सभाका लागि कार्यसूची तय गर्ने ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

सभाको बैठक वर्षमा न्यूनतम् दुईपटक बस्नुपर्ने भएको र कार्यपालिकाबाट पेश हुनुपर्ने प्रस्तावहरूलाई कार्यसूचीमा समावेश गरी कागजात तयार गर्नुपर्ने भएकोले ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) फिदिम नगरपालिका, नगर सभाको बाह्रौं मिति २०७९ माघ ०५ गते दिनको ११:०० बजे फिदिम नगरकार्यपालिकाको कार्यालयको सभाहलमा आह्वान गर्ने ।

ख) सभा सञ्चालन व्यवस्थापनको कार्य गर्न देहाय बमोजिम सभा सञ्चालन व्यवस्थापन समिति गठन गर्ने र जिम्मेवारी प्रदान गर्ने ।

संयोजक- शिक्षा अधिकृत श्री निर्मला दहाल
सदस्य- प्रशासन सहायक श्री सुजन बाँस्कोटा
सदस्य- प्रशासन सहायक श्री ईन्दिरा दाहाल
सदस्य- प्राविधिक सहायक श्री हाङनारायण हाङसरुम्बा

बैठक संख्याः- ७२

बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- ३

विषयः– संघीय समपूरक एवं विशेष अनुदानका लागी कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

समपूरक अनुदान सम्बन्धि(तेस्रो संशोधन) कार्यविधि,२०७७ र विशेष अनुदान सम्बन्धी(तेस्रो संशोधन) कार्यविधि,२०७७ मा व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहबाट संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत आ.व. २०८०/८१ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागी प्रस्ताव सहित विवरणहरु तयार गरी २०७९ पौष मसान्तभित्र पठाउनुहुन भनी राष्ट्रिय योजना आयोगबाट सार्वजनिक सूचना जारी भएको छ। सोअनुसार योजनाहरु छनोट गरी तोकिएको समयसिमा भित्र नै प्रस्ताव गर्नुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

हरेक आ.व.मा समपुरक अनुदान अन्तर्गत संघ र प्रदेश सरकारले स्थानीय तहमा पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको संभाव्यता, लागत, कार्यान्वयन क्षमता र जनशक्ति व्यवस्था तथा योजनाको आवश्यकता र प्राथमिकताका आधारमा योजनाको लागत अनुपात तथा आयोजना कार्यान्वयन कार्यविधि तथा नेपाल सरकारले निर्धारण गरेका कार्यविधि बमोजिम समपुरक अनुदान प्रदान र प्राप्त गर्न सक्ने व्यवस्था रहेको

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले समपुरक अनुदान तथा विशेष अनुदानअन्तर्गत सञ्चालन गरिने योजनाको प्रस्ताव गर्न सार्वजनिक सूचना गरेको।

४. निर्णय हुनुपर्ने व्यहोराः

आ.व. २०८०/०८१ का लागि संघीय सरकारको समपूरक अनुदान तथा विशेष अनुदानका लागी देहायअनुसार योजनाहरुको विस्तृत विवरण(DPR) तयार गरी नेपाल सरकार, राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने:

क) थाङनापा सिमलबोटे मगरचेप्पा खलङ्गाटार सडक कालोपत्रे, वडा नं. १० (विशेष अनुदानतर्फ)

ख) फुल्पा लुङरुपा भञ्ज्याङ सडक कालोपत्रे, वडा नं. १४ ( समपूरक अनुदानतर्फ)

२०७९।९।१८

वैठक संख्याः- ७२

बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- ५

विषयः– विविध(ग)- फिदिम आयुर्वेद औषधालयको स्थानान्तरण सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिका क्षेत्रमा विद्यमान आयुर्वेद सम्बन्धी स्वास्थ्य संस्थाहरुको अवस्थितिलाई परिमार्जन गरेर अधिक जनसंख्यामा स्वास्थ्य सेवाको पहुँच पुर्याउने सम्बन्धमा निर्णय लिनुपर्ने भएको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

फिदिम नगरपालिका, वडा नं. ०१, ०२ र ०४ को भूभागहरु मिलेर फिदिमको मुख्य बजार बनेको छ । फिदिम वडा नं. ०२ स्थित कृष्णमन्दिरमा एउटा आधारभूत स्वास्थ्य केन्द्र र पल्लोटारमा फिदिम आयुर्वेद औषधालय मौजुद छ । प्रदेश सरकारको मातहतमा रहने गरी फिदिम बजारभित्र नै जिल्ला आयुर्वेद अस्पताल समेत रहेको छ । हालको जनसंख्या र पहुँचको आधारमा २ नं. वडाका वडावासीहरुलाई जिल्ला सदरमुकामको कुनै पनि स्वास्थ्य संस्थाबाट सेवा लिन सहज पहुँच उपलब्ध छ । फिदिम नगरपालिका वडा नं. १२ र सो आसपासका वडा नं. १०,११, र १३ मा आयुर्वेद चिकित्सा सम्बन्धी कुनै स्वास्थ्य संस्था नरहेको र समय समयमा नगरपालिकाले सञ्चालन गर्ने आयुर्वेद सम्बन्धी शिविरले सो वडाका वडावासीहरुको आयुर्वेद चिकित्साप्रति अत्यधिक आकर्षण रहेको देखिएको छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कुनै स्थान/वडामा आयुर्वेद चिकित्सा उपचार पद्धतिबाट सेवा प्रदान गर्ने दुई वटा फरक फरक स्वास्थ्य संस्थाहरु नजिकको दुरीमा रहेको र कुनै स्थान/वडामा उक्त उपचार सेवा प्रतिको आकर्षण बढी भए पनि सेवा वितरण गर्न नसकिएको अवस्था छ । आधिकाधिक जनसंख्यामा आयुर्वेद चिकित्साको लाभ पुर्याउन कुनै एउटा संस्थालाई अर्को उपयुक्त स्थानमा स्थानान्तरण गर्नुपर्ने भएको ।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाअन्तर्गत रहेको फिदिम नगरपालिका, वडा नं. ०२, पल्लोटार स्थित **फिदिम आयुर्वेद औषधालयलाई** फिदिम नगरपालिका वडा नं. १२ स्थित नागिंनमा स्थानान्तरण गरी **नागिंन आयुर्वेद औषधालय** कायम गर्ने ।

२०७९।९।१८

वैठक संख्या:- ७२

बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- ४

विषयः– कार्यक्रम संशोधन सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

आ.व. ०७८/७९ को लागी फिदिम नगरपालिकाको स्वीकृत वार्षिक विकास योजनमा रहेका केही कार्यक्रमहरु संशोधन गर्नुपर्ने भएको छ। यस सम्बन्धमा सम्बन्धित वडा समितिहरुबाट संशोधनको माग गरिएको पत्र प्राप्त हुन आएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

वडावासी नागरिकहरुको माग एवं आवश्यकता, तत्काल एवं छिटो गर्नुपर्ने कामहरुलाई प्राथमिकता प्रदान गर्न समेत कार्यक्रम संशोधनको आवश्यकता रहन्छ। नगरसभाको बैठकबाट मात्र कार्यक्रमहरु संशोधन गर्न सकिने र सोका लागी पूर्व तयारी समेत गर्नुपर्ने हुन्छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्वीकृत योजना/कार्यक्रमको पुनरावलोकन गरी अझ बढी आवश्यकतामा आधारित, वस्तुनिष्ठ र व्यवहारिक बनाई नगरवासीको माग सम्बोधन, दिगो विकास एवं नगरपालिकाले लिएको सुशासनको लक्ष्य हासिल गर्नुपर्ने भएकोले

४. निर्णय हुनुपर्ने व्यहोराः

सम्बन्धित वडा समितिहरुले निर्णय गरी संशोधनका लागी पेश गरेका संलग्न सूचीअनुसारका कार्यक्रमहरु संशोधनका लागी आगामी नगरसभामाको बैठकबाट अनुमोदन हुने गरी संशोधन गर्ने ।

२०७९।९।१८

| क्र.स. | रेड वुक सि.नं. | कार्यक्रमको नाम (साविक) | विनियोजन | संशोधित कार्यक्रमको नाम | विनियोजन |
|---|---|---|---|---|---|
| शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम वडा नं. १ | | | | | |
| १ | ७ | लुङरुपा जाने बाटोबाट खोपिखर्क जाने मोटरबाटो स्तरोन्ती | ५,००,०००। | ट्यांकी धारा छेउबाटछ सिंहदेवी मन्दिर हुदै माथिल्लो गाँउ जोड्ने सिडि मार्ग | ५,००,०००। |
| २ | ८ | बुद्ध मार्ग एकतिन होटल बाटलखन मार्ग जोड्ने ढल निर्माण | ५,००,०००। | हाइवे केदार बाँस्कोटाको घर छेउबाट नमुना लाईन जोड्ने नाली निर्माण | ५,००,०००। |
| ३ | ९ | वडा कार्यालय रामकडेलको घर हुदै विद्यावरदान स्कुल जोड्ने मोटरबाटो नाली ग्राभेल | ५,००,०००। | अर्जुन फागोको घरबाट माथिल्लो गाँउ सिढि मार्ग जोड्ने | ५,००,०००। |
| ४ | १९ | महागुरु फाल्गुनन्द शालिक स्थल पार्क तथा रोलिङ | २,००,०००। | नयाँ वडा कार्यालय जाने सिडि मार्ग निर्माण | २,००,०००। |
| नगरपालिका (वडा नं. १) | | | | | |
| ५ | २५ | बत्तीसा चर्च मर्मत सुधार | १,००,०००। | बत्निस चर्च फर्निचर खरिद | १,००,०००। |
| वडा नं. २ | | | | | |
| ६ | २ | मजुवा साम्दिन खहरे टारी होक्मा आहाले र डाँडे कोले आउने कुलो सुधार विस्तार | ३,००,०००। | मजुवा मुहान हुदै खहरे अमले कुलो मर्मत | ३,००,०००। |
| ७ | ५ | तालखर्क कृष्ण मन्दिर घेराबारा | १,००,०००। | तालखर्क कृष्ण मन्दिर कोठा वारा मर्मत | १,००,०००। |
| ८ | ७ | बाछिखरिद तथा ढुवानी | ३,४५,२५०। | उन्नत जातको मकैको विउ खरिद गरि वितरण गर्ने | ४,४५,२५०। |
| ९ | ८ | सुगर पाठापाठी खरिद | १,००,०००। | | |
| १० | ११ | ह्याकुल्ले खानेपानी मुहान मर्मत | १,५०,०००। | असिने ह्याकुले फाक्चुवानी खानेपानी योजना पाईप खरिद | १,५०,०००। |
| ११ | १३ | कालिका मावि घेराबारा | १,००,०००। | कालिका मावि रङ रोकन मर्मत संहार | १,००,०००। |
| १२ | १९ | महिला लक्षित सिपमुलक तालिम (ढाका बुनाई तथा सिलाईकटाई) | ३,००,०००। | सिपमुलक तालिम साबुन बनाउने | ३,००,०००। |
| १३ | २२ | वडा कार्यालय र परिसरको पार्क सजावट एवं फर्निसिङ | ३,००,०००। | कृष्ण पोल्ट्री फर्म देखि आहाले सडक जोड्ने ट्याक ओपन | ३,००,०००। |
| १४ | २३ | वडा कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिकको सवारीबापतको भाडा र ज्येष्ठ नागरिकको मृत्यु हुँदा मलामी बोक्ने ट्याक्टर भाडा | २,००,०००। | सि.सि. क्यामरा जडान | २,००,०००। |
| शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम वडा नं. २ | | | | | |
| १५ | २३ | सरस्वती मावि निर्माण | १०,००,०००। | असिने ह्याकुले फाक्चुवानी लाईन बिस्तार | १०,००,०००। |
| १६ | २६ | साम्दिन घुम्ती बजार सार्वजनिक शौचालय निर्माण | ५,००,०००। | होक्मा फड्के पुल छाँडे पुच्छार निर्माण | ५,००,०००। |
| १७ | ३१ | ह्याकुले खानेपानी मर्मत विस्तार | १७,००,०००। | असिने ह्याकुले मुहान थप तथा लाईन विस्तार | १७,००,०००। |

२०७८।१।१८

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | ३२ | सिंचाई रोड थाङसाङ खोला गंगा बाँस्कोटाको घर हुदै देवेन्द्र अधिकारीको घर छेउ जोड्ने बाटो मर्मत | ५,००,०००। | बोजोनि कुवाबाट भण्डारी चोक सम्मको मोटरबाटो स्तरउन्ती | ५,००,०००। |
| १९ | ३६ | फिदिम-२ मेचि राजमार्ग आसपास पार्क निर्माण | ५,५०,०००। | फिदिम २ बान्द्रे पिकनिक पार्क | ५,५०,०००। |
| | | **वडा नं. ३** | | | |
| २० | २९ | निनम्मा बाल विकास केन्द्र लालिखर्कको भूक्षय रोकथाम तथा घेराबारा | २,००,०००। | निनम्मा बाल विकास केन्द्र सडक विस्तार | २,००,०००। |
| २१ | ३० | झ्याउ पोखरी देविथान खानेपानी मुहान संरक्षण | १,००,०००। | झ्याउ पोखरी देविथान संरक्षण | १,००,०००। |
| | | **शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम वडा नं. ३** | | | |
| २२ | ४९ | कोहिरीबाट दुतिया बजार सिढी मार्ग निर्माण | ४,००,०००। | जैसि डाँडाँ पब्लिक चोक सिढी मार्ग निर्माण | ४,००,०००। |
| | | **वडा नं. ५** | | | |
| २३ | ५ | बिउ गोरु काउम्याक्कट, च्यापकटर र कास्टेसनमेशिन खरिद | २,५८,०००। | बिउ गोरु खरिद | २,५८,०००। |
| २४ | ६ | किवि विरुवा खरिद प्लाष्टिक पोखरी निर्माण र गोठ सुधार कार्यक्रम | ३,५०,०००। | किवि विरुवा खरिद | ३,५०,०००। |
| २५ | ८ | सरस्वती मा वि मर्मत सम्भार तथा कम्प्युटर खरिद | ३,५०,०००। | सरस्वती मा वि मर्मत | ३,५०,०००। |
| २६ | ११ | रेडक्रस भवन मर्मत तथा चोकमागु सामाजिक सिकाई केन्द्र व्यवस्थापन कार्यक्रम | २,५०,०००। | रेडक्रस भवन मर्मत | २,५०,०००। |
| | | **शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम वडा नं. ५** | | | |
| २७ | ७२ | कादुरी र ए.डि.भि. खानेपानी आर.भि.टी. निर्माण | ५,००,०००। | सरस्वती मा वि मञ्च निर्माण | ५,००,०००। |
| २८ | ७५ | रिङरोड दारेगौडा नुनथला खण्ड ढल विकास तथा यामकुमार खोल्सी ग्याविनवाल निर्माण | १२,००,०००। | फलाटे खोल्सी ग्याभिङ निर्माण | १२,००,०००। |
| | | **वडा नं. ६** | | | |
| २९ | १० | सगरमाथा युथ क्लब भवन निर्माण | १,५०,०००। | सिंहकालिका आ.वि. कार्यालय तथा नाली व्यवस्थापन | १,५०,०००। |
| ३० | ३५ | सूचना तथा संचार कार्यक्रम (क्यालेण्डर विज्ञापन) | १,०५,०००। | सिवा इतिहास पुस्तक प्रकाशन | १,०५,०००। |
| ३१ | २४ | स्वास्थ्य शिविर संचालन (आँखा दाँत कान) | ५०,०००। | अत्ति विपन्न सुत्केरी महिला तथा बच्चालाई पौष्टिक आहारा/कपडा वितरण | ५०,०००। |
| ३२ | २२ | स्वयंसेविका झोला टिसर्ट फोन वितरण | ५०,०००। | अत्ति विपन्न परिवार जेष्ठ नागरिक शहिद परिवार अत्ति अशक्त अपाङ्गतालाई स्वास्थ्य विमा | ५०,०००। |

२०७६।९।१८

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | ४ | मालुवा,तीनघरे बगलेगाँउ सडक निर्माण | २,००,०००। | मालुवा तीनघरे बगालेगाँउ सडक स्तरोन्नती | २,००,०००। |
| ३४ | ७ | नेम्बालाम तेन्छुबुङ हुदै खरिढुङ्गे जोड्ने सडक निर्माण | २,००,०००। | पात्लेभञ्ज्याङ पहिरेनी हुदै फेदायक सडक स्तरोन्नती | २,००,०००। |
| **शहरी शासकीय पूर्वधार विकास कार्यक्रम वडा नं. ६** | | | | | |
| ३५ | ११ | सिवाखोला मगरगाँउ पेल्टिरसेट पर्खाल निर्माण | ३,००,०००। | सिवा स्वास्थ्यचौकी तेन्छुबुङ हुदै खरिढुङ्गे जोड्ने सडक स्तरोन्नती | ३,००,०००। |
| ३६ | १०० | सिंहकाली याक्सेरुङ आ.वि. ठेसवाल निर्माण | ४,००,०००। | सगरमाथा युथ क्लव भवन निर्माण | ४,००,०००। |
| **वडा नं. ८** | | | | | |
| ३७ | ७ | श्री शान्ती बाल विकास केन्द्र शौचालय निर्माण | १,००,०००। | श्री शान्ती बाल विकास केन्द्र शौचालय मर्मत | १,००,०००। |
| **शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम वडा नं. ८** | | | | | |
| ३८ | १३३ | भिजिट चोक बर्खे इथुङ चाँपबोटे मोटरबाटो स्तरोन्नती | १०,००,०००। | किरावा झरना लालबोटे गुरासे सिढी मार्ग निर्माण | १०,००,०००। |
| **वडा नं. ९** | | | | | |
| ३९ | २१ | ९ नं. वडा कार्यालय व्यवस्थापन तथा विविध खर्च | ३,२०,०००। | ९ नं. वडामा खेलकुद आयोजना कार्यक्रम | ८२,०००। |
| ४० | | | | ९ नं. वडा कार्यालय व्यवस्थापन तथा विविध खर्च | २,३८,०००। |
| **शहरी शासकीय पूर्वधार विकास कार्यक्रम वडा नं. ९** | | | | | |
| ४१ | १३९ | जागृती मण्डली भवन निर्माण | ११,००,०००। | उजीरे मन्दिर, मच्छेबुङ सिवाखोला मोटरबाटो स्तरोन्नती | ७,००,०००। |
| ४२ | | | | माथिल्लो हाङले सिवतप्पा मोटरबाटो स्तरोन्नती | ४,००,०००। |
| **वडा नं. १०** | | | | | |
| ४३ | २७ | जडीबुटी तितेपातीको तेल प्रशोधन गरि नशा तथा बाथ रोगीहरुलाई तेलवितरण गर्ने | १,००,०००। | कफि तथा सुर्य मुखि विरुवा रोप्ने तालिम | १,००,०००। |
| ४४ | १९ | प्रगती ग्रामिण विद्युत सहकारी संस्थाको सामाग्री खरिद | १,००,०००। | अति विपन्न घर परिवारलाई विजुली बति जडान | १,००,०००। |
| ४५ | २५ | दलितहरुको क्षमता अभिवृद्धि तालिम | १,००,०००। | कुखुराको चल्ला वितरण | १,००,०००। |
| ४६ | ९ | तिलिगां धारामा बाथरुम सहितको सार्वजनिक शौचालय निर्माण | १,५०,०००। | मगरचेप्पा तिलिगाधारा कटुसे जुनेली आ.वि. मोटरबाटो स्तरोन्नती | ३,५०,०००। |
| ४६ | ११ | मगरचेप्पा भञ्ज्याङ खानेपानी रिजर्व ट्यांकी निर्माण | २,००,०००। | | |
| ४८ | ९ | सुम्हात्लुङ बाल विकास केन्द्र भवन निर्माण | ३,००,०००। | कारवारी सेङघा सातघुम्ती मोटरबाटो स्तरोन्नती | ३,००,०००। |
| ४९ | २६ | नमुना कृषक समुहद्धारा सुर्य मुखि खेति विस्तार | २,००,०००। | सुर्यमुखि विरुवा खरिद | २,००,०००। |

वैठक संख्याः- ७२ बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- ५

विषयः– विविध(ख)- डम्पिङ साईटसम्मको पहुँच सडक मर्मत र श्रेष्ठ सगुन होटलबाट पेश भएको बिलको सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिका वडा नं. ०४ स्थित डम्पिङ साईटको मर्मत एवं बाटो विस्तार गर्नुपर्ने भएको छ। यस्तै, कानूनी साक्षरता कार्यक्रम सञ्चालनका लागी पूर्वाञ्चल विश्वविद्यालयबाट आएका विद्यार्थीहरुको बसाईलाई सहजीकरण गर्दा लागेको खर्चको बिल प्राप्त भएको छ। सडक मर्मत कार्यको लागी रकम विनियोजन गर्नुपर्ने र पेश भएको बिलअनुसारको रकम भुक्तानी गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

फोहोर डम्पिङ गर्ने स्थानसम्मको पहुँच बाटो विविध कारणले समय समयमा बिग्रने गरेको छ। फोहोरमैला व्यवस्थापनको कार्य नगरपालिकाले प्रवाह गर्ने आधारभूत एवं अत्यावश्यक सेवा भित्र पर्ने भएकोले बाटो मर्मतको कार्य अपरिहार्य देखिन्छ। यस्तै, पूर्वाञ्चाल विश्वविद्यालयबाट कानून विषयमा स्नातक गरिरहेका विद्यार्थीहरु कानूनी साक्षरताको क्षेत्रमा अध्ययन गर्न विश्वविद्यालयको पत्रसाथ नगरपालिकामा फिल्ड खटिई आउनु भएको। अध्ययन कार्यसँगसँगै नगरवासीलाई आवश्यक पर्ने आधारभूत कानुनी ज्ञान सम्प्रेषण गर्न नगरपालिकाले निजहरुलाई अनुरोध गरेको।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

नगरपालिकाले आकस्मिक रुपमा विभिन्न कामहरु गर्नुपर्ने। सडक मर्मत गर्न सडक स्तरोन्नती तथा सुधार विस्तारका शिर्षकमा भएको विनियोजनबाट गर्नु/गराउनु र प्राप्त भएको बिललाई विभिन्न व्यक्ति तथा संघसंस्थाहरुलाई आर्थिक सहायता शिर्षकमा भएको विनियोजनबाट भुक्तानी गर्नु उपयुक्त देखिन्छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) सडक स्तरोन्नती तथा सुधार विस्तार शिर्षकमा विनियोजन भएको बजेटबाट खर्च लेख्ने गरी फिदिम नगरपालिका वडा नं. ०४ स्थित ल्याडफिल्ड साईट जाने बाटो मर्मत गर्न प्राविधिक लागत स्टिमेटअनुसार लाग्ने अक्षरेपी रु. एकलाख अड्तीसहजार रुपैँया मात्र विनियोजन गर्ने।

ख) समुदाय एवं विद्यालयस्तरमा कानूनी साक्षरता कार्यक्रम सञ्चालन गर्न पूर्वाञ्चल विश्वविद्यालयबाट आउनु भएको विद्यार्थीहरु श्री स्वीकृति श्रेष्ठ र रोमिशा भट्टराई फिदिम नगरपालिकामा रहँदा भएको होटलवास र खानाबापत भएको बिलअनुसारको खर्च श्री श्रेष्ठ सगुन होटलले पेश गरेको रकम अक्षरेपी रु. बयालीसहजार रुपैँया मात्र विभिन्न व्यक्ति तथा संघसंस्थाहरुलाई आर्थिक सहायता शिर्षकमा भएको विनियोजनबाट भुक्तानी व्यवस्था मिलाउने।

२०७९।९।१८

बैठक संख्याः- ७२ बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- ५

विषयः– विविध (क)- घ वर्गको निर्माण व्यवसायीको ठाउँसारी एवं नामसारी सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

चैनपुर नगरपालिकाको कार्यालयबाट ईजाजत प्राप्त गर्नुभएको टेक एण्ड सपना कन्स्ट्रक्सन प्रा.लि. का सञ्चालक श्री टेकनाथ जोगीले ईजाजतको नामसारी र ठाउँसारी गरिदिनुहुन निवेदन पेश गर्नु भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

चैनपुर नगरपालिकाको कार्यालयबाट ईजाजत पत्र नं. ०१/०७८/०७९ भई मिति २०७८/०५/२८ गते प्रदान भएको "घ" वर्गको उक्त निर्माण व्यवसायीको ईजाजत फिदिम नगरपालिकाअन्तर्गत रहने गरी सो ईजाजत पत्रको ठाउँसारी गरिएको भनी चैनपुर नगरकार्यपालिकाको कार्यालयको च.नं. ३०७, मिति २०७९/०९/०६ को पत्र प्राप्त भएको। नामसारीसँग सम्बन्धित ईजाजत बिक्रीकर्ता र खरिदकर्ताले फिदिम नगरकार्यपालिकाको कार्यालयमा सशरीर उपस्थित भई किनबेच गरेको व्यहोरा साँचो हो भनी सहिछाप गर्नुभएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

फिदिम नगरपालिकाको घ वर्गका निर्माण व्यावसायीको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७४ बमोजिम इजाजत प्राप्त गरेपछि मात्र कारोवार गर्न पाउने भएकोले इजाजत दिन उपयुक्त देखिएको।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) साविकमा चैनपुर नगरपालिकाअन्तर्गत रहने गरी ईजाजत दर्ता भएको देहाय अनुसार घ वर्गको निर्माण व्यवसायलाई फिदिम नगरपालिकाअन्तर्गत रहने गरी ईजाजत उपलब्ध गराउने र देहायअनुसार नामसारीसमेत गर्ने।

| सि.नं. | निर्माण व्यावसायको नाम ठेगाना | साविक सञ्चालकको नामथर र ठेगाना | नामसारीपश्चात कायम हुने प्रोपाईटरको नामथर र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | टेक एण्ड सपना कन्स्ट्रक्सन प्रा.लि. | नामथरःटेकनाथ जोगी<br>ठेगानाः चैनपुर नगरपालिका, वडा नं. ०३ | नामथरः टंक बहादुर लिम्बू<br>ठेगानाः ईलाम नगरपालिका वडा नं. ०७ | |

ख) नामसारी र ठाउँसारीको गर्दा लाग्ने शुल्कको सम्बन्धमा आर्थिक ऐन,२०७९ मा स्पष्ट व्यवस्था नभएकोले नामसारीका लागी रु. पाँचहजार (५,०००) र ठाउँसारीका लागी समेत रु. पाँचहजार(५,०००) मात्र राजश्व/शुल्क सम्बन्धितबाट लिने र शुल्क लिने सम्बन्धमा भएको निर्णयलाई आगामी हिउँदे नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो।

२०७९।९।१८

बैठक संख्याः- ७२ बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- ५

विषयः– विविध(घ)

- खानेपानी स्रोत संरक्षण एवं मुल फुटाउ कार्यक्रमको सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाका वडा नं. ०९, ११ र १३ को क्षेत्रहरु खानेपानीको दृष्टिकोणले सुख्खाग्रस्त क्षेत्र मानिन्छन्। फिदिम नगर क्षेत्रभित्र रहेका खानेपानीको स्रोत संरक्षण गर्न समयमै सचेतता अपनाउन नसकिएमा र स्पष्ट योजनासहितका बृहत कार्यक्रमहरु सञ्चालन नभएमा निकट भविष्यमा खानेपानीको चरम अभावलाई सामना गर्नुपर्ने जोखिम देखिन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

खानेपानीको क्षेत्रमा काम गर्ने प्राविधिकहरुँसँग अनौपचारिक अन्तरकृया भएको। वर्षायामको आकाशेपानी वा पानीका अन्य स्रोतहरुबाट पानी संकलन एवं भण्डारण गरी सुख्खाग्रस्त क्षेत्र र सो आसपासको भूमी निरन्तर सिञ्चित गर्न सकिएमा लोप भएका खानेपानीका मुहानहरु पुनः प्रस्फुटित हुने बुझिएकोले आवश्यक अध्ययत विश्लेषण गरी सोहीअनुसार कार्यक्रमको प्रस्ताव भएको।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्वच्छ, स्वस्थ्य र गुणस्तरीय खानेपानीको पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारीको सम्मान संरक्षण गरी दिगो व्यवस्थापन गर्नुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगर क्षेत्रको भूसतह, भूमिगत वा अन्य अवस्थामा रहेको जलस्रोतको पहिचान, संरक्षण, समुचित उपयोग र दिगो व्यवस्थापनका लागी "खानेपानी स्रोत संरक्षण एवं मुल फुटाउँ" कार्यक्रमको प्रस्ताव स्वीकृति र कार्यान्वयनका लागी आवश्यक बजेट व्यवस्थापनका लागी खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी, काठमाडौंमा पेश गर्ने।

वैठक संख्या:- ७२ बैठक मितिः- २०७९।०९।१८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।१७

प्रस्ताव नं.- ५

विषयः– विविध(ङ)

- नवप्रवर्तन साझेदारी कोषअन्तर्गतको कार्यक्रम कार्यान्वयन समितिको गठन समबन्धमा ।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

प्रदेश तथा स्थानीय तहको सहलगानीमा नवीनतम परियोजनाहरु सञ्चालन गरी नवप्रवर्तन लाई संस्थागत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ तर्जुमा भई कार्यान्वयमा रहेको छ । फिदिम नगरपालिकाले सार्वजनिक सेवाको सुदृढीकरणका लागी एकीकृत सफ्टवेयर र आर्थिक विकासअन्तर्गत **अर्गानिक भुईस्याँउ तथा अदुवा उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रम** र **मोबाईल एम्पिकेशन तथा कम्प्युटर सफ्टवेयर निर्माण** कार्यक्रमको प्रस्तवा पेश भई यसअघि नै स्वीकृत समेत भईसकेको । कार्यान्वयन भईरहेको कार्यक्रमलाई निरन्तर गर्न कार्यक्रम कार्यान्वयन समितिको पुनर्गगठन गर्नुपर्ने ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, दक्ष र प्रभावकारी बनाउन उपयोगमा ल्याउने नयाँ प्रविधि नयाँ ज्ञान, विधि, तौरतरिका, सीप र सिर्जनशील क्रियाकलापको सम्बन्धमा आवश्यक अध्ययन विश्लेषण र कार्यक्रम कार्यान्वयनमा सहयोग तथा समन्वय गर्न समिति गठनको आवश्यकता रहेकोले ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

यसअघि गठित कार्यक्रम कार्यान्वयन समितिमा रहेका पदाधिकारीहरुको पदावधि समाप्त भएको र कार्यक्रमलाई निरन्तर गर्न नयाँ समिति गठनको आवश्यकता रहेको ।

४. निर्णय हुनुपर्ने व्यहोराः

प्रदेश सरकार, प्रदेश नं.१ को नवप्रवर्तन साझेदारी कोषअन्तर्गत कार्यक्रमको तर्जुमा र कार्यान्वयन सहजीकरणको निमित्त नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ को दफा १६ (ज) मा व्यवस्था भएको कार्यक्रम कार्यान्वयन समिति देहायअनुसार गठन गर्ने:

१) संयोजक- नगरउपप्रमुख, श्री राधाकृष्ण न्यौपाने
२) सदस्य- वडाअध्यक्ष, १ नं. वडा, श्री गजाधर भट्टराई
३) सदस्य- वडाअध्यक्ष, ३ नं. वडा, श्री नरेन्द्र गुरुङ
४) सदस्य- वडाअध्यक्ष, १३ नं. वडा, श्री दिल कुमार नेम्बाङ
५) सचिव- योजना शाखा प्रमुख,फिदिम नगरपालिका, श्री इन्दिरा दाहाल